annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २०४, पृष्ठ ८ | काठमाडौं, सोमबार १५ मंसिर २०८२ | मार्ग शुक्लपक्ष द्वादशी, नेपाल संवत् ११४६ | MONDAY, DECEMBER 1, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी



प्रविधि प्रयोगबाट महिला हिंसा बढ्दै, कानुनी उपचारमा उदासीनता

सामाजिक सञ्जालको प्रयोग जति व्यापक हुँदै गएको छ, यसको प्रयोगबाट महिला हिंसाका घटना पनि उसैगरी बढेका छन्। प्रविधिको प्रयोग गरेर वा डिजिटल माध्यमको प्रयोग गरेर महिलाको सम्मान, सुरक्षा र स्वतन्त्रतामा चोट पुऱ्याउने हिंसात्मक कार्य बढ्दै गए पनि तीविरुद्ध न्यायिक प्रक्रिया अपनाउनेहरूको संख्या भने निकै कम छ।

मनिका झा | *जनकपुरधाम* - को रिपोर्ट

समाचार पृष्ठ २

आव २०८२/८३ मा मधेसमा लैंगिक हिंसाका घटना



तथ्यांक स्रोत : मधेस प्रदेश प्रहरी कार्यालय

इन्डोनेसियामा बाढीबाट मृत्यु हुनेको संख्या ४४२ पुग्यो

सुमात्रा (एजेन्सी) : इन्डोनेसियाको सुमात्रा टापुमा बाढी र पहिरोबाट मृत्यु हुनेको संख्या बढेर ४ सय ४२ पुगेको अधिकारीहरूले बताएका छन्।

आइतबार बिहानै ३ सय जना पुगेका थिए। उद्धार प्रयासहरू जारी छन्। प्रमुख सडकहरू अवरुद्ध छन् भने इन्टरनेट र बिजुली आंशिक रूपमा मात्र पुनर्स्थापित गरिएको छ।

उष्णकटिबन्धीय आँधीले बढाएको मनसुनले दक्षिण पूर्वी एसियाभरि वर्षौंको सबैभन्दा खराब बाढी निम्त्याएको छ। मलेसिया र थाइल्यान्डमा पनि आएको बाढीले सयौंको मृत्यु र बेपत्ता भएका छन्। यस क्षेत्रमा लाखौं प्रभावित भएका छन्।

थाइल्यान्डमा हाल आधिकारिक मृत्यु हुनेको संख्या १ सय ७० पुगेको छ, जसमा मलेसियाको उत्तरी पेर्लिस राज्यमा दुई जनाको मृत्यु भएको जनाइएको छ।

पुसमै नियमित महाधिवेशनको पक्षमा कांग्रेस संस्थापन पक्ष

आज केन्द्रीय समिति बैठक, पुस २६ देखि २९ गतेसम्म महाधिवेशन प्रस्ताव

राधा खनाल | *काठमाडौं*

कांग्रेसको सोमबार बस्ने केन्द्रीय कार्यसमिति बैठकमा कार्यबाहक सभापति पूर्णबहादुर खड्काले पुस अन्तिम साता महाधिवेशन गर्नका लागि कार्यतालिका पेस गर्दै छन्। ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशन माग गर्दै गत असोज २९ गते हस्ताक्षर बुझाएका थिए। उक्त मितिले ३ महिनाभित्र विशेष महाधिवेशन गर्नुपर्ने हुन्छ। ३ महिना पुस २८ गते पुग्दै छ। त्यसैले उक्त अवधि भित्रै नियमित महाधिवेशन गर्ने गरी सोमबारको केन्द्रीय समिति बैठकबाट कार्यतालिका ल्याउने तयारीमा कार्यवाहक सभापति खड्का छन्।

पार्टी सभापति शेरबहादुर देउवाको सक्रियता र समन्वयमा संस्थापन पक्ष पुस अन्तिम साता नियमित महाधिवेशन गर्नुपर्ने पक्षमा उभिएको हो। सहमति जुटाउन सभापति देउवा निकै सक्रिय बने। उनले संस्थापन पक्ष र इतर पक्ष सबैको धारणा सुनिसकेपछि मात्र पुस महिनाको अन्तिम साता नियमित महाधिवेशन गर्ने प्रस्ताव केन्द्रीय कमिटी बैठकमा लैजाने माहोल मिलाएका हुन्।

देउवाले पुस महिनाभित्रै महाधिवेशन गर्ने गरी मध्यमार्गी बाटो निकालेका हुन्। देउवाको यो प्रयासमा अर्का नेता रमेश लेखक लागिपरेका थिए। लेखकले मुख्यतया महामन्त्रीद्वय, डा. शेखर कोइराला र विशेष महाधिवेशन माग गर्नेलाई मध्यमार्गीको बाटोमा ल्याउने सहमति जुटाएका हुन्। तर, विशेष पक्षधर भने सहमतिमा आइसकेको छैन। विधानत: विशेष महाधिवेशनको माग टर्ने अवस्था नभएपछि देउवाले आइतबारको बैठकमा पुस महिनाभित्र नियमित महाधिवेशनको कार्यतालिका ल्याउन कार्यवाहक सभापति खड्कालाई निर्देशन दिइसकेका छन्। 'उहाँ (देउवा) नियमित महाधिवेशनबाटै बिदा हुन चाहनुभएको छ,' देउवा निकट एक नेताले भने, 'विशेष महाधिवेशनको लाइनमा जानु हुँदैन भन्ने उहाँको तर्क थियो। अब पुसको महाधिवेशनको तयारीमा सबैलाई लाग्न निर्देशन दिनुभएको छ।'

असोज २८ गतेदेखि सुरु भएको केन्द्रीय समिति बैठक महाधिवेशन तिथिमिति तय गर्न नसक्दा पटक-पटक स्थगित हुँदै आएको छ। सभापति देउवा, कार्यवाहक सभापति खड्का र नेता लेखकले केही समयदेखि समन्वयकारी भूमिका निर्वाह गर्दै आएका थिए।

यसैबीचमा फागुन २१ को चुनावभन्दा अघि नै महाधिवेशन गर्ने गरी मिति प्रस्तावमा सहमति जुटेको प्रवक्ता प्रकाशशरण महतले बताए। उनले भने, 'पुसभित्रै नियमित महाधिवेशन गर्ने गरी कार्यतालिका सोमबारको बैठकमा प्रस्ताव हुन्छ।

» बाँकी पृष्ठ ६

फ्लोरिडामा युक्रेन-अमेरिका उच्चस्तरीय वार्ता

फ्लोरिडा (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आग्रहपछि युक्रेन-रूस युद्धमा मध्यस्थता गर्न दबाब बढाइरहेका ट्रम्प प्रशासनका उच्च अधिकारीहरू यस सप्ताहन्त फ्लोरिडामा युक्रेनी वार्ताकारहरूसँग निरन्तर वार्तामा बसेका छन्। यो भेटवार्ताले आगामी दिनहरूमा मस्कोमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग हुने महत्वपूर्ण छलफलका लागि आधार तय गर्ने लक्ष्य राखेको छ।

यस उच्चस्तरीय बैठकमा अमेरिकी विदेशमन्त्री मार्को रुबियो, राष्ट्रपति ट्रम्पका विशेष दूत स्टिभ विटकफ तथा ज्वाइँ जारेड कुशनरले युक्रेनी प्रतिनिधिमण्डलसँग प्रस्तावित शान्ति संरचनाको मुख्य बुँदाहरूलाई थप स्पष्ट पार्न विस्तृत छलफल गरिरहेका छन्। सन् २०२२ मा सुरु भएको रूसी आक्रमणविरुद्ध हाल युक्रेनले प्रतिरक्षा मोर्चामा दबाब बढाइरहेको अवस्थामा यो वार्ता युक्रेनका लागि अत्यन्तै संवेदनशील घडीमा आएको हो। यहीबीच, फ्लोरिडा वार्ताको पूर्वसन्ध्यामा युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले आफ्नो शक्तिशाली चिफ अफ स्टाफ एन्ड्री यर्माकले पदत्याग गरेको घोषणा गरेका छन्।

१२६ दलले चुनावमा भाग लिने, संयुक्त चुनाव चिह्न लिने ५ वटा गठबन्धन

राजकरण महतो | *काठमाडौं*

आगामी फागुन २१ गते घोषित प्रतिनिधिसभा निर्वाचनका लागि १ सय २६ दल दर्ता भएका छन्। यद्यपि, आयोगमा दल दर्ताको संख्या भने १ सय ४३ छ। दर्तामध्ये केही दलले 'एउटै चुनाव' चिह्न लिएर प्रतिस्पर्धा गर्ने भन्दै निर्वाचन आयोगमा निवेदन दिएका छन्। राजनीतिक दल दर्ता ऐनले दुई वा सोभन्दा बढी दल एउटै चुनाव चिह्न लिएर प्रतिस्पर्धा गर्न पाउने सुविधा दिएको छ।

संयुक्त चुनाव चिह्न लिएर चुनाव लड्नेमा ५ वटा गठबन्धन बनेका छन। छुट्टाछुट्टै चुनाव चिह्नबाट निर्वाचनमा जाँदा भोट विभाजित भएर पराजित हुने डरले नयाँ पार्टीका पुराना नेताहरू एकल चुनाव चिह्न लिएर निर्वाचनमा जान लागेका हुन्। एक्लाएक्लै र एउटै चुनाव चिह्न लिएर चुनावी प्रयोजनका लागि दल दर्ता गराउन आयोगले आइतबारसम्मको समय दिएको थियो। मंसिर २० गते निवेदन जाँचबुझ गरेर दलहरूको सूची प्रकाशन गरिने आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले प्रेस विज्ञप्तिमार्फत जनकारी दिएका छन्।

आयोगमा परेका निवेदनअनुसार एकल चुनाव चिह्नबाट निर्वाचनमा जान दलहरूले अलग-अलग ५ वटा निवेदन दर्ता गरेका छन्। जसमा दुई वा दुईभन्दा बढी पार्टी मिलेर फरक-फरक चुनावी गठबन्धन बनाएका छन्।

दलहरूलाई एक चुनाव चिह्न लिएर चुनावमा जान राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले कानुनी व्यवस्था गरेको छ। निर्वाचन आयोगको कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखाका सहसचिव यज्ञप्रसाद भट्टराईले छरिएर रहेकाका मतहरू जोडेर एकै स्थानमा ल्याएर बढीभन्दा बढी सिट जित हाँसिल गर्न दुई वा दुईभन्दा बढी दलले एकल चुनाव चिह्न लिने गरेको बताए। 'प्रतिनिधिसभामा प्रत्यक्षतिर एक सिट र समानुपातिकतिर कुल खसेको सदर मतको ३ प्रतिशत थ्रेसहोल्ड कटायो भने मात्रै त्यो राष्ट्रिय पार्टी बन्छ,' उनले भने, 'थ्रेसहोल्ड कटाउनका लागि पनि दलहरू एकल चुनाव चिह्नबाट लड्ने गर्छन्।'

साना पार्टीलाई थ्रेस होल्डकै डर

ससाना पार्टी र तीनका नेताहरूलाई थ्रेसहोल्ड मुख्य बाधक बन्ने गरेको छ। एकातिर केही ससाना दलहरू छरिएर रहेका मतहरू जम्मा पार्न एउटै चुनाव चिह्न लिएर चुनाव मैदानमा जाने निर्णय गरेका छन् भने अर्कोतिर दिनहुँ नयाँ दल खोल्नेहरूको होडबाजी चलेको छ। जेन-जी आन्दोलनयता दुई दर्जन बढी नयाँ पार्टी निर्वाचन आयोगमा दर्ता भएका छन्। आयोगमा आइतबार साँझसम्म २५ वटा नयाँ दल दर्ता भएका छन्। यो सँगै कानुनी मान्यता प्राप्त राजनीतिक दलको कुल संख्या १४३ पुगेको आयोगले जनाएको छ।

» बाँकी पृष्ठ ६